मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २६० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ १ गते सोमबार (Monday, Aug 17. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

लोकसेवा आयोगको दृढ अठोट- स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## विपन्न नागरिकलाई नि:शुल्क विद्युत् मिटर




**बिर्तामोड, साउन ३२।** झापाको बाह्रदशी गाउँपालिका-७की गोमा निरौलाले छिमेकीको घरबाट बिजुली बालेको नौं वर्ष भयो । विद्युत्को पोलबाट सोझै कालो तार जोडेर बिजुली बाल्न मन भए पनि निरौलाले नौं वर्षसम्म अरुकै भर पर्नु पऱ्यो । एक त आर्थिक रुपले बिपन्न, अर्को ऐलानी जग्गाको बास ।

जसोतसो बनिबुतो गरेर बिजुली बाल्न कालो तार किन्ने सोच नगरेकी पनि होइनन् निरौलाले । तर, तगारो बन्यो जग्गा धनीपुर्जा । जग्गाको धनीपुर्जा बिना विद्युत् प्राधिकरणले मिटर नदिँदा ९ वर्षसम्म छिमेकीको शरण परेर निरौलाले बिजुली बालेकी थिइन् । दुई वटा बल्ब बाल्दा मासिक ६ सय रुपैयाँसम्म तिरेकी निरौला आइतवार निक्कै खुशी देखिइन् ।

निरौला त्यस ठाउँकी एक प्रतिनिधि पात्र मात्र हुन् । उनी जस्ता धेरै नागरिक अहिलेपनि वाह्रदशी गाउँपालिकामा विद्युत् सेवा सहजै उपयोग गर्नबाट बञ्चित छन् । विपन्नताकै कारण विद्युत् सेवाबाट बञ्चित भएका नागरिकलाई आइतवार वाह्रदशी गाउँपालिका-७ले नि:शुल्क विद्युत् मिटर उपलब्ध गराएको वडाध्यक्ष मित्रराज भट्टराईले बताए । नेपाल विद्युत् प्राधिकरण अनारमनी बितरण केन्द्रको सहयोगमा बाह्रदशी गाउँपालिका-७ले वडाका २१ विपन्न परिवारलाई विद्युत् मिटर नि:शुल्क वितरण गरेको हो ।

विद्युत मिटरका लागि यस अघि जग्गा धनीपुर्जा अनिवार्य भए पनि अहिले दुईवटा पासपोर्ट साइजको फोटो र नागरिकताको प्रतिलिपि वडा कार्यालयमा

*(बाँकी अन्तिम पृष्ठमा)*

# अलैंचीको निर्यात बढ्यो

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, साउन ३२।** पूर्वी पहाडी जिल्लाको मुख्य नगदेवालीको रुपमा रहेको अलैंचीको माग भारतमा बढेसँगै गत आर्थिक वर्ष २०७६/०७७मा नेपालको पूर्वी नाका काँकरभिट्टा हुँदै हुने कृषि तथा कृषिजन्य बस्तुको निर्यातमा समेत बृद्धि भएको छ । तर, वितेका अघिल्ला दुई आर्थिक वर्षको तुलनामा भने निर्यात व्यापार कम छ । निर्यात कम हुनुमा कोरोना भाइरसको संक्रमण र त्यसपछिका परिस्थिति नै कारक रहेको जानकारहरु बताउँछन् ।

प्लान्ट क्वारेन्टाइन कार्यालय काँकरभिट्टाका अनुसार गत आर्थिक वर्ष २०७६/०७७मा काँकरभिट्टा नाका भएर ५ अर्व २६ करोड ४९ लाख रुपैयाँ मूल्य बराबरका कृषि तथा कृषिजन्य बस्तुको निर्यात भएको छ । जुन रकम अघिल्लो आर्थिक वर्ष २०७५/०७६ को तुलनमा ४१ करोड रुपैयाँले बढी हो । कार्यालय प्रमुख वरिष्ठ बाली संरक्षण अधिकृत हर्षहाङ्ग राईले गत आर्थिक वर्ष २०७६/०७७मा तीन अर्व ८२ करोड २४ लाख रुपैयाँ मूल्य बराबरको ४ हजार ७ सय ७८ मेट्रिक टन अलैंची भारत निर्यात भएको जानकारी दिए ।

अघिल्लो आर्थिक वर्ष २०७५/०७६मा ३ अर्व ३० करोड ७ हजार २ सय ३५ रुपैयाँ मूल्य बराबरको ३ हजार ८ सय ५६ मेट्रिक टन अलैंची भारत निर्यात भएकोमा आर्थिक वर्ष २०७४/०७५मा निर्यात शून्य रहेको कार्यालयको त्रिवर्षीय तथ्याङ्कले देखाएको छ । पूर्वी नाकाबाट हुने व्यापारमा निर्यात बढ्नुमा अलैंचीको ठूलो योगदान रहेको कार्यालय प्रमुख राईले दावी गरे ।

पूर्वी पहाडी जिल्ला इलाम, ताप्लेजुङ्ग तथा पाँचथर जिल्लामा उत्पादित अलैंची विराटनगर नाका भएर निर्यात हुने गरेको थियो । पछिल्लो



समय काँकरभिट्टाबाट समेत निर्यात हुन थालेपछि निर्यात बढेको कार्यालयले जनाएको छ । यो नाका भएर विशेषगरी बन्दाकोभी, जडीबुटी, अदुवा, चोकरराइस ब्राण्ड, अम्रिसो भारत, मुसुरो दाल, बन्दाकोभी, अदुवा, चोकर राइसब्रान, अम्रिसो बंगलादेश, ग्रीन टी अर्ग्यानिकक रसिया र जर्मनी निर्यात हुने गरेको कार्यालयको अभिलेखले देखाएको छ । कार्यालयको त्रिवर्षीय तथ्याङ्कले अघिल्ला दुई आर्थिक वर्ष २०७४/०७५ तथा २०७५/०७६ को तुलनामा गतआर्थिक वर्ष २०७६/०७७ मा बन्दाकोभीको निर्यातमा भने कमी आएको छ ।

गत आर्थिक वर्ष २०७६/०७७ मा काँकरभिट्टा नाका भएर ३ करोड ६९ लाख १० हजार रुपैयाँ मूल्य बराबरको ३ हजार ६ सय ९१ मेट्रिक टन बन्दाकोभी भारत निर्यात भएको थियो । आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६मा क्रमश: ५ करोड ८० लाख २४ हजार रुपैयाँ मूल्य बराबरको ७ हजार २ सय ५८ मेट्रिक टन र ५ करोड २० लाख ६० हजार रुपैयाँ मूल्य बराबरको ७ हजार २ सय ५८ मेट्रिक टन बन्दाकोभी निर्यात भएको थियो । विश्वव्यापी महामारीका रुपमा रहेको कोरोना भाइरसको नियन्त्रण तथा रोकथामका लागि नेपाल सरकारले घोषणा गररेको बन्दाबन्दीका कारण नाका ठप्प भएपछि निर्यातमा कमी आएको कार्यालयले जनाएको छ ।

यसैगरी, बगंलादेशमा अत्यधिक माग रहेको नेपालमा उत्पादित मुसुरोको दालको निर्यातमा समेत कमी आएको छ । अघिल्लो दुई आर्थिक वर्ष २०७४/०७५ तथा २०७५/०७६मा उल्लेख्य रुपमा निर्यात भएको मुसुरो दालको निर्यात कम हुँदै गएको छ । आर्थिक वर्ष २०७४/०७५मा ९५ करोड ५४ लाख ४० हजार रुपैयाँ मूल्य बराबरको १० हजार ६ सय १६ मेट्रिक टन मुसुरो दाल बंगलादेश निर्यात भएको थियो । आर्थिक वर्ष २०७५/०७६मा निर्यात व्यापार बढेर १ अर्व ४१ करोड १२ रुपैयाँ पुगेको मुसुरो दालको निर्यात गत गतआर्थिक वर्ष २०७६/०७७मा भने ८३ करोड ३८ लाख ३८ हजार रुपैयाँमा झऱ्यो ।

यसैगरी गतआर्थिक वर्ष २०७६/०७७मा काँकरभिट्टा नाका भएर १३ करोड ३० लाख ४ हजार रुपैयाँको ५ हजार २ सय १४ मेट्रिक टन अदुवा भारत तथा बंगलादेश निर्यात भएको छ । आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६मा यो नाका भएर अदुवा क्रमश: ५६ करोड ८६ लाख २८ हजार रुपैयाँ मूल्य बराबरको २४ हजार २ सय ६८ र २२ करोड २८ लाख ३५ हजार रुपैयाँ मूल्य बराबरको ९ हजार ९९ सय ४८ मेट्रिक टन भारत र बंगलादेश निर्यात भएको थियो । आर्थिक वर्ष २०७४/०७५मा ४ करोड ८८ लाख ६९ हजार रुपैयाँ मूल्य बराबरको १ हजार ५ सय ९२ मेट्रिक टन निर्यात भएको चोकर राइसब्रान आर्थिक वर्ष २०७५/०७६मा ३ करोड ५ लाख ७० हजार रुपैयाँ बराबरको १ हजार ६ सय ३५ मेट्रिक टनमा झरेको थियो । तर, गत आर्थिक वर्षमा भने यसको निर्यात बढेर ४ करोड ४४ लाख ३६ हजार रुपैयाँ अर्थात् १ हजार ५८ मेट्रिक टनमा उक्लिएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## सरकारले शक्तिको दुरुपयोग गऱ्यो: सिटौला



**विर्तामोड, साउन ३२।** नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले कम्युनिष्ट नेतृत्वको वर्तमान सरकारले सत्ताको सम्पूर्ण शक्ति आन्तरिक संघर्षमा नै खर्चिएको बताएका छन् ।

नेपाली कांग्रेस झापाको आयोजनामा विर्तामोडमा सम्पन्न कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै नेता सिटौलाले यस्तो बताएका हुन् । 'कसैलाई ओली बचाउनु छ, कसैलाई ओलीलाई हटाउनुछ'- कम्युनिष्ट पार्टीभित्र देखिएको शक्ति संघर्षको प्रसङ्गमा नेता सिटौलाले भने- 'वर्तमान सरकार सत्ता र शक्तिको नशामा मात्तिएको छ, यो सरकारले कम्युनिष्टकै प्रगतिमा सबै जनताको प्रगति देख्छ । तर, जनताको समस्या र गुनासालाई सम्बोधन गर्दैन, गर्न सक्दैन, सरकार नशाको मातमा सुतेको छ, मिलेर वा झगडा गरेर भए पनि वर्तमान सरकारले सरकारी सम्पत्तिको दुरुपयोग गरिरहेको छ ।'

प्रेसमाथि संकुचन, न्यायालय, ब्युरोक्रेसी, आयोगहरु, प्रहरी प्रशासन सबैलाई आफ्नो इशारामा चल्ने बनाएर वर्तमान सरकार एकदलीय कम्युनिष्ट सर्वसत्ताबाद लाद्न उद्यत रहेको नेता सिटौलाले दावी गरे । विदेशी सरकार प्रमुखबाट प्रशिक्षण लिने घटना नेपालमै पहिलो भएको उल्लेख गर्दै उनले चिनिया राष्ट्रपतिमार्फत प्रशिक्षण लिएर वर्तमान सरकारले कुटनीतिक मर्यादा र पञ्चशीलको मान्यताविपरीत कार्य गरेको बताए । छिमेकीका हिसावले भारत र चीनसँग नेपालको आपसी सम्बन्ध सुमधुर रहेको उल्लेख गर्दै उनले विदेशी सरकारबाट प्रशिक्षण लिनु खेदजनक रहेको बताए ।

वर्तमान सरकारले जनहित र राष्ट्रिय हितमा कुनै काम गर्न नसकेको दावी गर्दै नेता सिटौलाले अहिले उद्योग, ब्यापार, ब्यवसाय चौपट बनेको भन्दै सरकारले अर्थतन्त्र बचाउन कुनै योजना बनाउन नसकेको आरोप लगाए । पूर्व गृहमन्त्री समेत रहेका नेता सिटौलाले वर्तमान सरकारसँग पोलिसी, एक्सनप्लान र सोच्ने क्षमता नै नभएको जिकिर गर्दै प्रश्न गरे- 'एउटी युवतीमा कोरोना देखिँदा देश नै ठप्प हुने गरी लकडाउन गर्ने र अहिले देशैभर संक्रमित देखिँदा सबै खुल्ला गर्ने सरकारसँग के पोलिसी छ, के भिजन छ, के क्षमता छ ?'

कांग्रेसले कोभिड-१९ संक्रमणको न्यूनीकरणका लागि सरकारलाई सहयोग गरे पनि कोभिड-१९को उपचारका लागि अस्पताल व्यवस्थापन, राहतवितरण, अलपत्र नेपालीको उद्धार, क्वारेन्टिन ब्यवस्थापन, आइसोलेशन अस्पताल, भेन्टिलेटर व्यवस्थापन आदिका लागि

*(बाँकी अन्तिम पृष्ठमा)*

# दीर्घरोगीको उपचार र औषधिको व्यवस्था जटिल बन्दै

**उमाकान्त खनाल(वीवीसी)**

**झापा, साउन ३२।** कोरोनाभाइरसको सङ्क्रमण बढ्दै जाँदा सार्वजनिक यातायातका साधन नचलेको र हवाई उडानसमेत नहुँदा राजधानी काठमाडौंका विभिन्न अस्पताल तथा देश बाहिर गएर उपचार गराएका बिरामीले फलोअप उपचार गर्न र औषधिको व्यवस्था गर्न पाएका छैनन् ।

अहिले आकस्मिक तथा अत्यावश्यक सेवाका लागि दिइने सवारी साधनको पास पनि गृह मन्त्रालयले बन्द गरेको छ । जसका कारण खासगरी मुटु, मृगौला तथा क्यान्सरका बिरामीहरू प्रत्यक्ष मारमा परेका छन् । विश्व नै कोरोनाभाइरसको सङ्क्रमणको चपेटामा परेका बेला त्यस्ता दीर्घ रोगीले सम्भव भएसम्म स्थानीय क्षेत्रकै चिकित्सकसँग सल्लाह लिएर उपचार तथा औषधिको व्यवस्था गर्न चिकित्सकहरूले सुझाव दिएका छन् ।

**मृगौला रोगीका पीडा**

झापाको भद्रपुर नगरपालिकाकी माया पकुवालले दुई बर्ष अघि काठमाडौंमा मृगौला प्रत्यारोपण गराएकी थिइन् । उनकै जेठाजुले उनका लागि मृगौला दिएका थिए ।

मृगौला प्रत्यारोपण गरेको केही महिना पश्चात उनको प्रत्योरोपण गरिएको मृगौलामा पुन: एक प्रकारको भाइरसको सङ्क्रमण देखिएपछि उनी भारतको दिल्ली गइन् र उपचार गराइन् । त्यसपछि महिनाको एकपटक दिल्ली जानुपर्ने अवस्था आयो । सङ्क्रमण निको भयो, त्यहाँका चिकित्सकले तीन महिनामा एकपटक दिल्ली आउन सल्लाह दिए जुन अहिले सम्भव भएको छैन ।

दैनिक रूपमा खानुपर्ने औषधि खाइरहेको भए पनि मृगौलाको एउटा विशेष जाँच काठमाडौं र पछि दिल्लीमा गराउँदै आएको उनले बताइन् । पकुवालले भनिन्- गाडी नचलेकाले काठमाडौं जान त सकिएको छैन दिल्लीको के कुरा ! औषधि खाएकै छु यहाँ गर्न नमिल्ने मृगौलाको एउटा जाँच छ, त्यो गराउन पाएकी छैन । देशमा पकुवालजस्ता कैयौं मृगौला रोगी छन् जसले आफूले देखाउँदै आएका चिकित्सक भेट्न पाएका छैनन् ।

**क्यान्सर रोगी**

क्यान्सर रोग भएका दीर्घ रोगीहरूले आफूले देखाउँदै गरेका चिकित्सक भेट्न पाउँदा धेरै सहज अनुभूति हुने गरेको बताएका छन् । नयाँ चिकित्सकसँग भेट्दा पहिला उपचार गराएका कुरा सबै बुझाउनुपर्ने र कतिपय कुरा ती चिकित्सकलाई थाह नहुने उनीहरूको अनुभव छ ।

देशका विभिन्न स्थानका अस्पतालमा क्यान्सरका रोगीको उपचारको व्यवस्था निजी तथा सरकारी अस्पतालहरूले गरे पनि उनीहरू आफूले देखाउँदै आएका चिकित्सक कहाँ जान रुचाउँछन् । झापाको बुद्धशान्ति गाउँपालिका-२की इन्द्रकुमारी न्यौपाने पनि आफूलाई उपचार गर्ने चिकित्सक भेट्न नपाउने हो कि भन्ने चिन्ताले राति निद्रा नलाग्ने गरेको बताउँछिन् ।

करिब तीन बर्ष अघि ललितपुरको एउटा अस्पतालमा घाँटीको क्यान्सरको शल्यक्रिया गराएकी न्यौपानेले अब सोही अस्पताल जानुपर्ने छ । चिकित्सकले दिएको समय अब हुँदैछ । तर, कसरी जाने भन्ने उनलाई चिन्ता छ । उनले भनिन्- यस्तो हुन्छ भन्ने नै भएन, खुलिहाल्ला भन्ने लाग्यो । अब के गर्ने भन्ने थाहा छैन । न्यौपाने जस्ता धेरै क्यान्सरका रोगी अहिले घरमै पिरोलिन बाध्य छन् ।

**नेपालमा नपाउने औषधि ल्याउन गाह्रो**

कतिपय दीर्घ रोगीले नेपालमा दर्ता नभएका र बजारमा नपाइने औषधि भारतबाट ल्याएर खाँदै गरेको अवस्था छ । त्यस्ता औषधि ल्याएर खानेहरूका लागि पनि अहिलेको लकडाउन निकै ठूलो चिन्ता बनेको छ । कतिपय बिरामीले नेपालमा पाइने अरू नै औषधि खान थालेका छन् तर कतिपयका लागि भारतबाटै मगाउनुपर्ने अवस्था छ । मुटु तथा उच्च रक्तचापका कारण १२ बर्ष अघि टाउकोमा रगत जमेको बेला भारतको शिलगढीमा शल्यक्रिया गराएर त्यहीँको औषधि नियमित खाँदै गरेकी झापा बुद्धशान्ति-१की गोमा उप्रेतीलाई अहिले औषधि ल्याउन गाह्रो भएको छ ।

लकडाउन शुरु भए यता एकपटकमा तीन महिनाका लागि औषधि मगाएकी उनी अब कसरी ल्याउने भन्ने चिन्तामा छिन् । जताततै स्थानीय तहले लकडाउन गरेका छन् । घर बाहिर निस्कन पाइएको छैन, औषधि कसरी ल्याउने ?- उनले पीडा सुनाइन् ।

**'स्थानीय चिकित्सकसँगै परामर्श लिँदा राम्रो'**

अहिलेको बढ्दो सङ्क्रमणका बेला राजधानी वा अन्य कुनै ठूला शहरमा त्यस्ता दीर्घ रोगी नजानु नै राम्रो हुने चिकित्सकहरूले बताएका छन् । ठूला शहरमा कोरोनाभाइरसको सङ्क्रमण बढ्दै गएकाले दीर्घ रोगीहरूका

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'कोभिड-१९ फैलिन नदेऊ'

**झापा, साउन ३२।** राष्ट्रिय मानव अधिकार आयोगले संक्रामक रोग समुदायस्तरमा फैलिनबाट रोक्न तथा आम नागरिकको स्वास्थ्यको अधिकार र भयरहीत वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षणका लागि संवेदनशील हुन संघीय सरकार एवम् सबै स्थानीय तहलाई आग्रह गरेको छ ।

आयोगमा प्रवक्ता वेदप्रसाद भट्टराईले आइतवार जारी गरेको प्रेस विज्ञप्तिमा देशमा कोभिड-१९को सङ्क्रमण

*(बाँकी अन्तिम पृष्ठमा)*

हार्दिक बधाई



मेरा अनन्य मित्र, निर्माण व्यवसायी संघ झापाका निवर्तमान अध्यक्ष **श्री दीपेन्द्र पोखरेल** नेपाली कांग्रेसका सभापति श्री शेरबहादुर देउवाद्वारा पार्टीको निर्माण व्यवसाय समन्वय विभागको केन्द्रीय सदस्यमा मनोनयन हुनुभएकोमा सहर्ष हार्दिक बधाई ज्ञापन गर्दछु ।

मुलुकमा प्रजातन्त्र प्राप्तिका लागि ०४६ सालदेखि नै आन्दोलनमा सक्रिय रहँदा हिरासतको कठोर जीवन समेत गुजार्नु भएका आदरणीय व्यक्तित्व श्री दीपेन्द्र पोखरेलको कार्यकाल निर्माण व्यवसायीको हकहितमा प्रभावकारी बनोस् भनी शुभकामना व्यक्त गर्दछु ।

केदार गिरी: प्रोप्राइटर

कञ्चन निर्माण सेवा/
कञ्चनजंघा क्रसर उद्योग

क्रेन भाडामा चाहिए





अब बिर्तामोडमै २५ टन क्षमताको जापनीज क्रेन भाडामा उपलब्ध छ । चाहिएमा तत्काल सम्पर्क गर्नुहोला । साथै ग्रेडर, रोलर, ट्यांकर लगायतका निर्माण उपकरण भाडामा चाहिए सम्पर्क गर्नुहोला । गिट्टी, बालुवा लगायतका निर्माण सामग्री समेत उचित मूल्यमा उपलब्ध छ ।

सम्पर्क: ०२३-४२१०५३/ ९८४२६२३६८६/ ९८५२६७२१०२

आकर्षक घडेरी बिक्रीमा




बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी बिक्रीमा छन् । कृपया प्रत्यक्ष उपभोक्ताहरुले मात्र सम्पर्क गर्नुहोला ।

मो. ९८५११४४९४९

नोट: (✓) यी चिन्ह भएका जग्गाहरु विक्रीमा छन् ।

# प्रयोगशालामा नमूना थुप्रिए

**ज्ञानेन्द्र निरौला**

**मेचीनगर, साउन ३२।** प्रदेश १मा पीसीआर परीक्षणका लागि चारवटा प्रयोगशालाले काम गरिरहेका छन् । ती सबै प्रयोगशालामा पीसीआर परीक्षणका लागि संकलन गरिएका स्वाबको नमूना थुप्रिएका छन् ।

प्रयोगशालाको परीक्षण क्षमताभन्दा बढी मात्रामा नमूना संकलन भएका कारण समयमा नै रिपोर्ट दिन नसकिएको प्रयोगशालामा कार्यरत् स्वास्थ्यकर्मीहरुले बताए । धरानस्थित वीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानको प्रयोगशालाले २४ घण्टामा बढीमा एक हजार दुई सय नमूना परीक्षण गर्न सक्छ तर दैनिक १५ सयदेखि दुई हजारसम्म नमूना संकलन हुने गरेको छ । प्रयोगशाला स्रोतले दिएको जानकारी अनुसार क्षमताभन्दा बढी स्वाब संकलन गरेर पठाइ दिएपछि समयमा नतिजा दिन नसकिएको हो ।

त्यस्तै साउन २६ गतेदेखि नियमित परीक्षण शुरु गरेको झापाको मेची अस्पतालको प्रयोगशालाको क्षमता २४ घण्टामा दुई सय मात्रै हो तर मेचीको प्रयोगशालामा साउन २७ गते मात्रै एकैदिन ९ सय नमूना संकलन भएको मेची अस्पताल पीसीआर प्रयोगशालाकी इञ्चार्ज डाक्टर प्रतिमा शर्माले जानकारी दिइन् । डा. शर्माले भनिन्- 'बल्ल आज मात्रै २७ गते आएका नमूना परिक्षण गरेर सकियो । अझै पाँच सय भन्दा बढी नमूना परीक्षण गर्न बाँकी छ ।'

त्यस बाहेक बिराटनगरस्थित कोशी अस्पतालको प्रयोगशाला र प्रादेशिक प्रयोगशाला गरी प्रदेश १का चार वटा प्रयोगशालाले २४ घण्टामा दुई हजार दुई सय नमूना परीक्षण गर्न सक्छन् तर प्रदेशभरि अहिले दैनिक तीन हजार पाँच सयसम्म नमूना संकलन भइरहेको प्रादेशिक प्रयोगशाला बिराटनगरका प्रमुख जयबेन्द्र यादबले जानकारी दिए । यादबले भने- 'प्रदेशका सबै ल्याबमा दुइ हजार दुई सयसम्म नमूना परीक्षण गर्न सकिन्छ तर दैनिक तीन हजार पाँच सयसम्म नमूना संकलन हुने भएकाले दैनिक एक हजारदेखि पन्ध्र सयसम्म नमूना चारवटै ल्याबमा थुप्रिएर बस्छ ।'

प्रयोगशालासंग समन्वय नगरी स्थानीय तहहरुले नमूना संकलन गरेर पठाइदिने गरेकाले परीक्षणमा दबाब भएको र नतिजा पनि ढिलो आउने गरेको प्रयोगशालामा कार्यरत स्वास्थ्यकर्मीहरुले बताएका छन् । प्रदेश १मा आजसम्म ६५९३३ नमूनाको पीसीआर परीक्षण गरिएको र २००९ जनामा कोरोना संक्रमण पुष्टि भएको सामाजिक बिकास मन्त्रालयले जनाएको छ ।

# युनियनका १० जिल्ला अध्यक्षद्वारा नौ सूत्रीय माग प्रस्तुत

**झापा, साउन ३२।** नेपाल प्रेस युनियन प्रदेश नं. १ का विभिन्न जिल्ला समितिका पदाधिकारीहरुले कोभिड-१९ को महामारीका बेला पत्रकार र सञ्चार संस्थाभित्रका समस्या समाधानका लागि सरकार तथा सरोकारवालासँग नौ सूत्रीय मागअघि सारेका छन् ।

प्रदेशका १० जिल्लाका अध्यक्षको सहभागितामा भएको भर्चुअल संवादबाट साझा धारणा तय गर्दै उनीहरुले सरकार तथा सञ्चारसम्बद्ध व्यावसायिक संघ, संगठनप्रति ती माग प्रस्तुत गरेका हुन् । जोखिम क्षेत्रमा रहेका पत्रकारको कोभिड-१९ परीक्षण दर बढाउन, संक्रमणमा परेका पत्रकारको उपचारमा ध्यान दिन तथा प्रदेश राजधानी विराटनगर र जिल्लामा संक्रमण पुष्टि हुनासाथ आइसोलेसन सेन्टर तथा अस्पतालमा भर्ना गर्ने व्यवस्था गर्न युनियनले माग गरेको छ ।

दश जिल्लाका युनियनका अध्यक्षद्वारा जारी संयुक्त विज्ञप्तिमा कोभिड-१९ का कारण आर्थिक संकटमा परेका पत्रकारलाई सरकारी तथा गैरसरकारी निकायको सहकार्यमा नेपाल पत्रकार महासंघको जिल्ला, प्रदेश र केन्द्रबाट लेखनवृत्ति कार्यक्रम सञ्चालन तथा यसलाई पारदर्शी अनि सहभागितामूलक बनाउन, सरकारद्वारा सञ्चारकर्मी र सञ्चारगृहका लागि विशेष राहत प्याकेज तत्काल घोषणा गर्न माग गरिएको छ ।

त्यसैगरी अन्य महामारीका कारण बन्द भएका र सञ्चालनमा नै समस्या भइरहेका अनलाइन, रेडियो र टिभी जस्ता सञ्चारगृहका निम्ति सरकारले 'सफ्ट बैंक लोन' तथा अन्य कल्याणकारी योजनाको व्यवस्थापन गर्न तथा साना लगानीका मिडियालाई प्रेस काउन्सिलबाट अहिलेको विषम परिस्थितिमा अङ्क नपुगे पनि स्वतः नवीकरण हुने व्यवस्था गर्न माग गरिएको छ ।

विज्ञप्तिमा महामारीका बेलामा सुरक्षित हुँदै पत्रकारिता गर्ने उपायका विषयमा नेपाल पत्रकार महासंघद्वारा भर्चुअल तालिमको व्यवस्था गर्न, धेरै पत्रकारको गुमेको रोजगार पुनःस्थापित गर्न नेपाल पत्रकार महासंघ तथा नेपाल प्रेस युनियन केन्द्रीय समितिले सरकारलाई दबाब दिएर रोजगार बैंकको प्रबन्ध गर्न आवश्यक पहल गर्न भनिएको छ ।

त्यसैगरी २०७७ साल अवधिको महासंघको सदस्यतामा नवीकरणमा लाग्ने सम्पूर्ण शुल्क छुट गराउन, महासंघले आफ्ना सदस्यका लागि कोरोना बीमाको प्रबन्ध गर्न र कार्यरत पत्रकारलाई राष्ट्रिय मिडियाले लामो समयदेखि पारिश्रमिक नदिएकाले तत्काल पारिश्रमिक उपलब्ध गराउन महासंघ अनि युनियन केन्द्रीय समितिसँग पहल गर्न माग गरिएको छ ।

युनियनले प्रदेश तथा जिल्लामा भएका समस्याबारे जिल्लास्तरबाटै समाधान गर्न दबाब दिन पनि आग्रह गरको छ । संक्रमण पुष्टि भएका पत्रकारको स्वास्थ्य लाभको कामना गर्दै अग्रज पत्रकार बलराम बानियाँप्रति श्रद्धाञ्जलि पनि व्यक्त गरिएको छ ।

छलफलमा युनियनका पूर्वाञ्चल संयोजक लीलाबल्लव घिमिरे, सुनसरी सभापति पवन अधिकारी, मोरङ सभापति कुमार लुइँटेल, पाँचथर सभापति भीम बाँस्कोटा, इलाम सभापति विप्लव भट्टराई, खोटाङ सभापति उत्तम चम्लागाईं, उदपयुर सभापति पर्शुराम थापा, ताप्लेजुङ सभापति सन्तोष पुर्कुटी, तेह्रथुम सभापति टीआर लिम्बू, धनकुटा सभापति हीमा चेम्जोङ र झापा सभापति इन्दु पूर्वेलीको सहभागिता रहेको थियो ।

## सरकारले ...

कांग्रेसले दिएका सुझावहरु सरकारले कार्यान्वयन नगरेकोप्रति उनले आपत्ति प्रकट गरे ।

नेपाली कांग्रेस पार्टी १४ औं महाधिवेशनको संघारमा रहे पनि समयमै महाधिवेशन हुन्छ कि हुँदैन भन्ने अन्योल अझै जारी रहेको बताउँदै नेता सिटौलाले नेपाली कांग्रेसका लागि आगामी दिन अझै चुनौतिपूर्ण हुने धारणा राखे । १४औं महाधिवेशनबाट पार्टीको नेतृत्व, संस्कार र संस्कृति परिवर्तन जरुरी रहेको बताउँदै उनले लोकतान्त्रिक अभ्यासको पूर्ण पालनासहित निष्पक्ष निर्वाचन गर्नुपर्नेमा जोड दिए । क्रियाशील सदस्यता नवीकरण र वितरणमा महिला र दलितलाई विशेष प्राथमिकता दिन पनि नेता सिटौलाको आग्रह थियो ।

नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी, भारतेन्दुकुमार मल्लिक, प्रदेश सांसद ओम सरावगी, नेपाली कांग्रेस झापाका पदाधिकारी, सदस्य, महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य, क्षेत्रीय तथा प्रदेश क्षेत्रीय सभापतिहरु, गाउँ/नगर सभापतिहरु, भातृ तथा शुभेच्छुक संस्थाका अध्यक्षहरुको उल्लेख्य सहभागिता रहेको कार्यक्रमको सञ्चालन सचिव प्रेम सम्बाहाम्फेले गरेका थिए ।

कार्यक्रममा सहभागीकातर्फबाट कृष्ण हुमागाँई, दीपक तामाङ, उमा शिवाकोटी, गोपाल उप्रेती, सीता पौडेल, प्रकाश शिवाकोटी, मानिकलाल माझी, बलराम कार्की, शेरबहादुर थापालगायतले आ-आफ्नो धारणा राख्दै कांग्रेसको चौधौं महाधिवेशनबाट नेतृत्व परिवर्तन गरिनुपर्ने, लामो समय पार्टीमा योगदान गरेका अनुशासित कार्यकर्तालाई स्थान दिइनुपर्ने, कम्युनिष्ट नेतृत्वको सरकारले गरेको भ्रष्टाचार र बेथितिकाविरुद्ध प्रतिपक्षी आवाजलाई मजबुत बनाई भण्डाफोर गर्नुपर्ने लगायतका धारणा राखेका थिए ।

## अलैंचीको ...

थियो । चोकर र राइसब्रान भारत तथा बंगलादेश निर्यात हुने गरेको छ । तीन आर्थिक वर्ष २०७४/०७५, २०७५/०७६ र २०७६/०७७मा काँकरभिट्टा नाका भएर अम्रिसो क्रमशः ४२ करोड २६ लाख ५६ हजार रुपैयाँ मूल्य बराबरको १३ हजार २ सय ८ मेट्रिक टन, ३७ करोड ४० लाख २ हजार रुपैयाँ बराबरको ११ हजार १ सय ३१ मेट्रिक टन र ३४ करोड २५ लाख ८६ हजार रुपैयाँको १० हजार १ सय ९६ मेट्रिक टन भारत तथा बंगलादेश निर्यात भएको छ । अघिल्ला दुई आर्थिक वर्षको तुलनामा गतआर्थिक वर्षमा अम्रिसोको निर्यात समेत सन्तोषकजनक नरहेको व्यवसायीहरुको भनाइ छ ।

उता रसिया र जर्मनीमा विशेषगरी माग हुने ग्रीन टीको समेत गत आर्थिक वर्षमा निर्यात कम भएको छ । गत आर्थिक वर्ष २०७६/०७७मा यो नाका भएर ५ करोड १६ लाख ६१ हजार रुपैयाँ मूल्य बराबरको १ सय ६६ मेट्रिक टन ग्रीन टी निर्यात भएको छ । जुन अघिल्ला आर्थिक वर्षको तुलनामा ज्यादै न्यून हो । आर्थिक वर्ष २०७४/०७५मा १० करोड १७ लाख १२ हजार रुपैयाँको ३ सय २६ मेट्रिक टन तथा २०७५/०७६मा २ करोड ७० लाख ६ हजार रुपैयाँको ४६ मेट्रिक टन ग्रीन टी रसिया र जर्मनी निर्यात भएको छ ।

**आयातमा समेत बृद्धि**

अघिल्लो आर्थिक वर्ष २०७५/०७६को तुलनामा गतआर्थिक वर्ष २०७६/०७७मा कृषि तथा कृषिजन्य वस्तुको आयात समेत बढेको छ । गत आर्थिक वर्ष वर्ष २०७६/०७७मा काँकरभिट्टा नाका भएर २ अर्ब ९९ करोड ४ लाख रुपैयाँ मूल्य बराबरको कृषि तथा कृषिजन्य वस्तुको आयात भएको प्लान्ट क्वारेन्टाइन कार्यालय काँकरभिट्टाले जनाएको छ । जुन रकम अघिल्लो आर्थिक वर्ष २०७५/०७६को तुलनामा २७ करोड रुपैयाँले बढी हो ।

काँकरभिट्टा नाका भएर खाद्यान्न धान, मकै, कोदो भारत, दलहन क्यानाडा, अष्ट्रेलिया, अर्जेन्टिना, पपकर्न अर्जेन्टिना, ताजा तरकारी, आलु, प्याज भारत, ताजा फलफूल भारत र लसुन चीन, मरिच भियतनामबाट आयात हुने गरेको छ ।

## कोभिड-१९ ...

दिनप्रतिदिन बढ्दै गइरहेको अवस्थामा सबै स्थानीय तहका जननिर्वाचित प्रतिनिधिलाई समयमै आवश्यक र यथेष्ट जानकारी गराउन आग्रह गरिएको छ । आयोगले उक्त विषयमा सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरेको छ ।

आफ्नो इलाकाभित्रका कोभिड-१९बाट सङ्क्रमित व्यक्तिको सूचना जिल्ला जनस्वास्थ्य कार्यालय तथा स्वास्थ्य मन्त्रालयबाट प्राप्त हुन नसकेको कारण आफ्नो क्षेत्रभित्र कहाँ र के कति संख्यामा सङ्क्रमित छन्, परिवार तथा समुदायको संरक्षणको लागि के कस्तो पहल गर्नुपर्ने भन्ने जानकारी प्राप्त हुन नसकेको गुनासो कतिपय स्थानीय तहबाट प्राप्त हुन आएको छ- विज्ञप्तिमा भनिएको छ ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ताले हरेक दिन सङ्क्रमणको अवस्था सम्बन्धमा जानकारी दिँदा काठमाडौँलगायत अन्य ठूला शहरको कुन क्षेत्र र व्यवसायका व्यक्तिमा सङ्क्रमण देखियो भन्ने समेत स्पष्ट गर्दा स्थानीय तहलाई थप सजगता अपनाउन मद्दत मिल्ने देखिएको आयोगले जनाएको छ ।

सच्याइएको,

यस दैनिकको साउन ३२ गते अन्तिम पृष्ठमा प्रकाशित झापाका ३७२ जना कोरोना संक्रमित निको भए शीर्षकको समाचारमा बाह्रदशी गाउँपालिकाको कार्यालयमा कार्यरत एक जना स्वास्थ्य शाखाका कर्मचारीलाई कोरोना पोजेटिभ भनी भुलबस प्रकाशन भएकाले सच्याइएको छ ।

\- सम्पादक

## विपन्न ...

उपलब्ध गराउँदा विद्युत् मिटर निःशुल्क पाएपछि त्यस क्षेत्रका सर्वसाधारणलाई सहज भएको गाउँपालिकाका वडासचिव पुजन बरालले बताए ।

नेपाल विद्युत् प्राधिकरणले बाह्रदशीमा मात्र होइन विपन्न परिवारका लागि अहिले गाउँ-गाउँमा पुगेर मिटर निःशुल्क बितरण गरिरहेको छ । स्थानीय पालिकासँगको सहकार्यमा प्राधिकरणले विपन्न नागरिकलाई विद्युत् मिटर उपलब्ध गराउँदै आएको प्राधिकरणका अनारमनी केन्द्र प्रमुख बीरेन्द्रकुमार झाले बताए । स्थानीय तहसँगको समन्वयमा नेपाल विद्युत् प्राधिकरणले विपन्न नागरिकलाई निःशुल्क विद्युत् मिटर उपलब्ध गराउन थालेसंगै बिद्युत् चुहावट नियन्त्रण हुने र झापाका स्थानीय तहलाई चुहावटमुक्त क्षेत्र घोषणा गर्न सहज हुने अपेक्षा राखिएको छ ।

## दीर्घरोगी ...

लागि अभ्ज जोखिम हुने मेची अस्पताल भद्रपुरका फिजिसियन डा. गोविन्द कँडेलले बताए ।

उनले भने- अब कतिपय बिरामीको स्थानीय अस्पतालमा परीक्षण नै नहुने स्थितिमा त के गर्नु र । तर स्थानीय क्षेत्रमै उपलब्ध फिजिसियन वा सम्बन्धित रोगका विशेषज्ञसँग परामर्श लिनुको विकल्प छैन । उनले फोन, इमेल वा सामाजिक सञ्जालबाट आफ्ना चिकित्सकसँग परामर्श गर्न दीर्घ रोगीलाई सुझाव दिएका छन् ।


# गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवरे बजार लक्ष्मीपुर



# १५ दिने सूचना

बिर्तामोड नगरपालिका वडा नं. ५स्थित श्री पदमकुमारी कार्कीको नाममा दर्ता कायम रहेको जग्गामा रहेको अढाई तले पक्की घरको पहिलो तलाको एक कोठा भाडामा लिई बस्दै आएकोमा मिति २०७६।१२।१५ गतेदेखि हालसम्म पनि उक्त कोठा बन्द गरी रहेको हुदाँ उक्त बन्द कोठा खुलाई पाऊ भनी मिति २०७७।०४।०७ गतेका दिन यस वडा कार्यालयमा दिएको माग निवेदन अनुसार तपाई टीकादेवी दाहालको नाममा आजको दिनले गन्ती हुने गरी १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त घर कोठा के-कति कारणबाट बन्द गरिएको हो, बाटोको म्याद बाहेक १५ दिनभित्रमा लिखित जवाफ दिनुहुन जानकारी गरिन्छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

सम्पर्कः **५ नं. वडा कार्यालय बिर्तामोड नपा, झापा**



# बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।



कनकाई नगरपालिका
प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गा
१ नं. प्रदेश, नेपाल

# कर्मचारी करारमा लिने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७७।०५।०१**

यस प्राथमिक स्वास्थ्य केन्द्र, सुरुङ्गामा आकस्मिक लगायतका सेवा विस्तार गर्नुपर्ने भएकाले तपशिल बमोजिमको करार पदमा मिति २०७७।०४।२२ गतेको व्यवस्थापन समितिको बैठकको निर्णाय अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरु यो सूचना प्रकाशन भएको ७ दिनभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

**१) विज्ञापन नं. प्र. १/२०७७/०७८**
- जेनरल प्राक्टीसनर (MDGP)/MD in Internal Medicine
- तहः नवौं
- माग संख्याः १ (एक)

**२) योग्यता र अनुभव**
- नेपाली नागरिक
- सम्बन्धित विषयमा MDGP/MD in Internal Medicine उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा १ बर्ष कार्यानुभव भएको
- उमेर २१ बर्षदेखि ४५ बर्ष ननाघेको

**३) विज्ञापन नं. प्र. २/२०७७/०७८**
- पदः हेल्थ एसिस्टेन्ट (HA)
- तहः पाँचौं
- माग संख्याः २ (दुई)

**४) योग्यता र अनुभव**
- सामान्य चिकित्सा विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी
- उमेर १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको
- सम्बन्धित क्षेत्रमा एक बर्षको अनुभव भएको

**५) परीक्षाको किसिमः** सूचीकरण तथा अन्तरवार्ता
**६) मासिक पारिश्रमिक तथा काम गर्ने समयः** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
**७) अन्य सुविधाः** करार सम्झौतामा उल्लेखभए बमोजिम हुनेछ ।
८) काम गर्नुपर्ने स्थानः प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गा, झापा
**९) दरखास्त साथ पेश गर्नुपर्ने कागजातः**
- दरखास्त फारम
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- अध्यावधिक काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अनुभवको हकमा समय तोकेको सम्बन्धित सरकारी, सार्वजनिक, गैरसरकारी संस्थाबाट प्रमाणित पत्रको प्रतिलिपि

**१०) दरखास्त फारम लिने बुझाउने स्थानः** प्राथमिक स्वास्थ्य केन्द्र, सुरुङ्गा (समय सार्वजनिक बिदाको दिन बाहेक १० देखि ५ बजेसम्म)
**११) परीक्षा दस्तुरः**
- MDGP/MD in Internal Medicine का लागि रु.१२००।-
- हेल्थ असिस्टेन्ट (HA)का लागि रु. १०००।-

**१२) सम्पर्क मितिः** दरखास्त फारम बुझाउने अन्तिम दिनको भोलिपल्ट दिनको १० बजे ।

**डा. काजल विश्वकर्माः मेडिकल अधिकृत**



# पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रवीन आयुर्वेदिक फार्मेसी बिर्तामोड**बाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी बिरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रवीन आयुर्वेदिक फार्मेसी**
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१



असल संस्कार र समृद्धिका लागि एनएमसी
नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
NMC-COOP
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

# कोटेसन आव्हान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७७।४।३२**

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी)का लागि केही परिमाणमा मसलन्द सामग्री छपाई तथा खरिद गर्नु परेको हुँदा इच्छुक छापाखाना तथा स्टेसनरी सामग्री बिक्रेताबाट न्यूनतम मूल्यसहितको कोटेसन आव्हान गरिन्छ ।

| क्र.सं. | सामग्रीको नाम | स्पेसिफिकेशन | प्रति एकाई मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

*माथि उल्लेखित तालिका अनुसार सामग्रीको सूची संस्थाको बिर्तामोड कार्यालयस्थित केन्द्रीय स्टोरबाट उपलब्ध हुनेछ । (९८५२६८९४२३)*

*तपसिल :*

१) कोटेसन पेश गर्ने फर्म तथा कम्पनीले प्रति एकाइ लेखिएको महलमा आफूले छपाई गर्ने सामग्रीको प्रति एकाइ मूल्य (प्रति बण्डल, प्रति पिस, प्रति प्याकेट आदि) उल्लेख गर्नु पर्नेछ ।
२) कैफियत महलमा पेपरको गुणस्तर, तौल, ब्राण्ड, रङ, छपाईको प्रवृत्ति, बेन्डिङको प्रकार, प्याकेजिङको तरिका आदि उल्लेख गर्नुपर्नेछ ।
३) सामग्री ढुवानी संस्थाको बिर्तामोडस्थित केन्द्रिय स्टोरमा गर्नुपर्नेछ ।
४) कोटेशन आंशिक स्वीकृत, अस्वीकृत वा स्थगन गर्ने अधिकार संस्थामा रहनेछ ।
५) कोटेशन खोल्ने मितिमा कोटेसन पेस गर्ने फर्म तथा कम्पनीलाई आमन्त्रण गर्न सकिनेछ । फर्म तथा कम्पनीको प्रतिनिधि उपस्थित नभएपनि कोटेसन खोल्न बाधा पर्ने छैन ।
६) स्वीकृत कोटेसन आ.व. २०७७।०७८ भरी लागू हुनेछ ।
७) छपाई तथा मसलन्द सामग्री आपूर्ति गर्दा संस्थाले तोकेको समयमा तोकेको परिमाणमा गर्नुपर्नेछ ।
८) छपाई तथा मसलन्द सामग्री उपलब्ध गराएबापतको रकम भुक्तानी गर्दा नियम अनुसार करकट्टा गरिनेछ ।
९) कोटेशन स्वीकृतपछि दुई पक्षबीच सम्झौता गरी छपाई कार्य शुरु गरिनेछ ।
१०) सूचीकरण हुन बाँकी रहेका छापाखाना तथा मसलन्द सामग्री बिक्रेताहरुले सूचीकरण गरेपश्चात कोटेसन प्रक्रियामा सहभागिता जनाउन सक्नेछन् ।
११) कोटेसन पेस गर्ने अन्तिम मिति : २०७७ भदौ १२ गते शुक्रबार ।
१२) कोटेशन पेश गर्ने स्थान : संस्थाको प्रधान कार्यालय (मेचीनगर-६, काँकरभिट्टा) र बिर्तामोड कार्यालय ।

**थप जानकारीका लागिः मो.९८५२६८९४१५ (प्रशासन विभाग)/९८५२६८९४२३ (केन्द्रीय स्टोर)**



कनकाई नगरपालिका
प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गा
१ नं. प्रदेश, नेपाल

# सुरक्षा गार्ड उपलब्ध गराउन शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७७।०५।०१**

यस प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गामा २ (दुई) जना सुरक्षागार्ड शिलबन्दी दरभाउपत्रको माध्यमबाट प्राप्त गर्नुपर्ने भएकाले इजाजत प्राप्त रजिष्टर्ड/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्ममा यस प्राथमिक स्वास्थ्य केन्द्रबाट कार्यालय समयभित्र सुरक्षागार्डको मासिकअंक कवोल गरी दरभाउपत्र फाराम खरिद गरी यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१) दरभाउपत्र खरिद गर्न आधिकारिक निवेदनका साथ अनिवार्य निम्न कागजातहरु संलग्न गर्नुपर्नेछ ।
क) इजाजत पत्रको नवीकरण समेत भएको प्रमाणित प्रतिलिपि
ख) आय कर/मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ग) आ.व. २०७५।०७६ सम्म कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
घ) प्रोपाइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरिनामा
ङ) फर्म वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
च) यस कार्यालयमा रु.१०००।- (एक हजार) दस्तुर बुझाएको सक्कल भौचर ।
२) रितपूर्वक खरिद भएका दरभाउ पत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ दिन १२ बजेसम्म दर्ता गरी सक्नुपर्ने र सो शिलबन्दी दरभाउपत्र मिति २०७७।०५।१४ गतेको २ बजे यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३) रित नपुगेको र म्याद नाघेर प्राप्त हुन आएको दरभाउ पत्र उपर कुनै कार्वाही गरिने छैन ।
४) दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
५) दरभाउपत्र दाताले यस कार्यालयको व्यवस्थापन समिति एक्सल डेभलपमेन्ट बैंकको खाता नं. ००४००२०००३१०९३०००००१मा कबोल अंक ५ प्रतिशत धरौटी रकम जग्गा गरेको भौचर वा मान्यताप्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनको (दरभाउपत्र पेशगर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।
६)दरभाउ पत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनकोहुनेछ ।
७) दरभाउ पत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिवार्य उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ ।
८) पेश भएका दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ ।
९) करार सेवा अवधि सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
१०) सुरक्षा गार्डलाई उपलबध गराउने सम्पूर्ण सेवा सुविधा सोही कम्पनीको दायित्व हुनेछ ।
११) दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको फारम मात्र खरिद गर्नुपर्नेछ र सोही फारम प्रत्येक पानामा दरभाउपत्र दाताले फर्म वा कम्पनीको छापसहित दस्तखत गरी पेश गर्नुपर्दछ ।
१२) एउटा फर्म वाच कम्पनीले खरिद गरेको दरभाउ पत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन । यदि दाखिला गरेको पाइएमा निजले पेश गरेको दरभाउपत्र अमान्य हुनेछ ।
१३) दरभाउपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानून अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।
१४) यसमा उल्लेख हुन छुट भएका अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**डा. काजल विश्वकर्माः मेडिकल अधिकृत**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## मलखादको प्रबन्ध गर

उत्पादनका आधारमा अन्नको भण्डार भनिने झापामा कृषकले मल नपाउनु देशकै दुर्दिनको संकेत हो । धान रोप्नुअघि, रोपिसकेपछि हाल्नुपर्ने रासायनिक मल बिक्री–वितरण गरी कृषकलाई सहज बनाउन साझा संस्था गठन गरिएको थियो । उसैले उन्नत बीउबिजन, मलखाद र किटनाशक औषधि वितरण गर्दै प्राविधिक सहयोगका लागि समेत समन्वय गर्थ्यो । तर, अहिले साझा विघटन भएको छ भने कृषि सामग्री र साल्ट ट्रेडिङ कम्पनीलाई आधुनिक मलखाद वितरण गर्ने जिम्मा दिइएको छ । तर, तिनले कृषकका लागि ल्याइएको रासायनिक मल भेनियर उद्योगलाई बिक्री गर्दै आएको रहस्य खुलेको छ । भेनियर प्लाई उत्पादन गर्ने उद्योग हो, उसलाई पनि तयारी उत्पादनका लागि त्यही मलको आवश्यकता पर्ने भएकाले मिलेमतोमा त्यता बेच्ने गरेको कृषि शाखा बिर्तामोड नगरपालिकाका प्रमुख राजेन्द्र कडरियाले बताएका छन् ।

सरकारले कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले वास्तविक कृषकलाई राहत पुग्ने गरी मलखाद अनुदानमा वितरण गर्ने गरेको छ । त्यस्तो मल ती दुई कम्पनीले कृषकलाई बिक्रीवितरण गर्नुपर्छ । कृषि शाखा प्रमुख कडरियाले मल वितरणको जिम्मा पाएका संस्थाहरुको वितरण प्रणालीका कारण कृषकले सास्ती झेल्नु परेको आरोप लगाए । कृषकलाई आवश्यक पर्ने र सरकारी अनुदानमा वितरण गर्ने मलभन्दा बेग्लै मल बिक्री गरेर सेवाभन्दा व्यवसाय गर्ने ती संस्थाहरुको 'मनपरी' नियन्त्रण गर्न नसकिए उत्पादन घट्ने मात्र होइन कृषि कर्म नै विस्थापनमा पर्ने जोखिम छ । समयमा नगरेको खेती, समयमा नलगाएको मलका कारण वर्षदिनको मेहनत खेर जाने चिन्ताले कृषकहरु अवैधरुपले ल्याइएको, महँगो मूल्यको मलखाद खरिद गर्न बाध्य छन् । त्यो पनि सहजै नपाइने कारणले चिन्तित कृषक बरु तेब्बर मूल्यमा भारतीय मल खरिद गर्न सहज वातावरण बनाइ माग्दैछन् ।

खेतीका समयमा रासायनिक मलखादको अभाव हुने सधैंको रोग हो । कुनै वर्ष पनि खोजेको र चाहिएको समयमा कृषकले मल पाएका छैनन् । यसले गर्दा उत्पादन घट्ने त छँदैछ सरकारको उत्पादन र उत्पादकत्व बढाएर खाद्यवस्तुमा आत्मनिर्भर बन्ने सपना सपना नै रहने निश्चित छ । कर्मचारीकै कारण कृषकले मल नपाउनु, भएको मल उद्योगलाई बेच्नु र नियामक निकायले अनुगमन नगर्नुले समस्या झनै थपिएको छ । जनतालाई घरदैलोमा सेवा पुर्‍याउँछौं भन्ने स्थानीय, प्रदेश र संघीय सरकारले कृषक र देशको जीवनसँग जोडिएका समस्याको समाधान नगर्ने हो भने परावलम्वन तर्फको यात्रालाई कसैले रोक्न सक्दैन । यो वर्ष समयमै वर्षा भएको, कोरोनाजन्य समस्याले जनशक्ति पनि अभाव नभएकाले उत्पादन र आम्दानी बढ्ने कृषकको आशा मलखाद नपाउँदा निराशामा परिणत हुँदैछ । अझै पनि समय केही बाँकी छ, आधिकारिक कम्पनीहरुलाई नियमन र कारवाहीको दायरामा ल्याएर कृषकको पक्षमा उभिन स्थानीय सरकार र प्रशासनको मति सुध्रिनुपर्छ ।

# नेकपा, दलाल पुँजीवाद र समाजवादी बाटो



तीर्थराज खरेल

नेपालको संविधान २०७२ ले नेपालको राज्यव्यवस्थालाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समाजवादउन्मुख राज्यव्यवस्था भनेको छ। सो संविधानको प्रस्तावनामा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गरिएको छ। शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै, सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ।

संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी संविधान जारी गरिएको कुरा उल्लेख छ।

तर, अहिले नेपालको संविधानले निर्देश गरेको मार्गचित्र अनुरुप मुलुक अघि बढिरहेको छैन। संविधानले आफै काम गर्दैन। यसलाई परिचालित गर्ने त राजनीतिक दल, नागरिक र सरकारले हो। अहिले नेपाली समाजको अर्थराजनीतिक चरित्र दलाल पुँजीवादी छ। राष्ट्रिय पुँजी कमजोर छ। उत्पादनमूलक र रोजगारमूलक पुँजी नगन्य छ। लगानी नगरेरै बिचैमा पुँजीको दोहन गर्ने शक्ति हावी भएको छ। दलाल पुँजीवादीहरू सबै क्षेत्रमा मौलाएका छन्। शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाभावले प्रेरित हुने संस्थामा समेत दलाल पुँजीवादीहरूको नियन्त्रण छ। चिन्तकका रुपमा प्रसिद्धि कमाएका नेकपाका तेस्रो पुस्ताका प्रभावशाली नेता घनश्याम भुषाल भन्छन्- जहाँ दलाल पुँजीवाद घुस्छ, त्यसले मानवीयता चुस्छ। पुँजीका दुई चरित्र छन्।

उत्पादक चरित्र- नाफा त गर्छ। नाफासँगै रोजगारी पनि सिर्जना गर्छ। पुँजी लगानी गरेपछि रोजगारी सिर्जना हुन्छ, कर तिर्छ। त्यही करबाट बाटोघाटो, शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माणमा राज्यले खर्च गर्छ। यस्तो पुँजी उत्पादनशील पुँजी हो। राष्ट्रिय पुँजी र उद्यमशील पुँजी हो।

दलाल पुँजी- यसले रोजगारी सिर्जना गर्दैन। बाहिरबाट सामान लिएर आउँछ। जसले भएकै रोजगारी पनि खोसी दिन्छ। अनि, बजार थाम्न सक्दैन गाउँको मान्छेले। आफ्नै जमिनबाट उखेलिएर सदरमुकाम आउँछ। त्यहाँ रोजगारी मिल्दैन, विदेशतिर पलायन हुन्छ। त्यस्ता मान्छेले पठाएको विप्रेषणले हाम्रो मुलुक चलेको छ।

उद्यमशील पुँजी राष्ट्र र जनताको पक्षमा हुन्छ। आजको अर्थ- राजनीतिक समस्या भनेको दलाल पुँजीवादको समस्या हो। यसलाई परिवर्तन नगरेसम्म निरपेक्षरूपले शोषण गर्ने, कमिशन मात्रै खाने, रोजगारी सिर्जना नगर्ने, रातारात चुलिने, राजनीतिक नेता किन्ने, प्रहरी प्रशासन पकडमा लिने, अदालतका न्यायाधीश किन्ने, अख्तियार किन्ने, सबैतिर गठजोड मिलाउने र लुटिरहने हुन्छ। कानून त्यस्तै बनाउने, नियम त्यस्तै बनाउने, निर्णयहरू त्यस्तै गरिरहने दलाल पुँजीवादको विशेषता हुन्छ। सबै गरेर यसरी दलाल पुँजीवादी गठबन्धन, त्यो पुँजीपति र राज्यका सबै संयन्त्र एक ठाउँमा मिल्छन्। जतिसुकै राम्रो कुरा गर्दा पनि त्यो प्रशासन, राजनीति, अदालत र अख्तियारले न्याय गर्दैन। न्याय दलाल पुँजीको पक्षमा मात्रै हुन्छ। फैसला दलाल पुँजीपति गठबन्धनको पक्षमा मात्रै हुन्छ। संसदमा पनि उनीहरू नै जान्छन्। शक्तिसम्पन्न मुलुकका पुँजीपतिहरु पनि यस्तै गठबन्धनकै पक्षमा हुन्छन्।

वास्तवमा कानून निर्माण गर्न पनि दलाल पुँजी पक्षधरहरू नै पुगिरहेका हुन्छन्। कानून बनाउने कुरामा नकारात्मक उत्प्रेरकको भूमिका खेलिरहेका हुन्छन्। यसरी श्रमजीवीलाई श्रमजीवी नै राख्ने अझै तिनको जिन्दगीलाई कष्टकर बनाउने यो अर्थतन्त्र दलाल अर्थतन्त्र हो। राष्ट्रिय पुँजीपति वर्ग सदैव दलाल पुँजीपति वर्गबाट पीडित रहन्छ। दलाल पुँजीवादका प्रतिनिधिहरूको राजनीतिक पार्टीसँग प्रत्यक्ष साइनो हुन्छ। यिनीहरू नै जनताको नाम भजाएर, सेवा नै परम् धर्म हो भन्दै हात्तीको देखाउने दाँत झैं देखाउँदै जनताको पसिनामाथि शोषणको सुँड घुसाउँछन्।

आज विश्वभरि नै कम्युनिष्ट पार्टीहरूलाई भूमण्डलीकरणको सेप लागेको छ। तर, नेपालमा लगभग दुईतिहाइ मतादेशसहित नेकपाको नेतृत्वमा सरकार बनेको छ। यो महत्वपूर्ण उपलब्धि हो, तर सबै थोक होइन। दलाल पुँजीवादको खिलाफमा राष्ट्रिय पुँजीको विकास गर्न सके र श्रमिक वर्गको हितमा काम गर्न सकेमात्र मतादेशको पालना गरेको ठहर्छ। नेकपासामु चुनौति धेरै छन्। शान्तिपूर्ण क्रान्ति भन्दैमा बुर्जुवा व्यवस्थालाई दिगोपन दिन सिर्जना गरेका संस्कारलाई जीवन व्यवहारमा लागू गर्दा मार्क्सवादको सिर्जनात्मक प्रयोग हुँदैन। संसदीय चुनावलाई साधन नभई साध्य कै रूपमा अंगीकार गर्नु गलत हो। यसै गरेकाले नेताहरू यतिबेला पद, प्रतिष्ठा र सम्मानका भोका भएका छन्। कम्युनिष्ट पार्टीका नेताहरूले द्वन्द्वात्मक भौतिकवादी भएर नसोच्ने हो भने समाजवादका कुरा पँधेराका गफ हुन्छन्।




नेपालको चालू संविधानका निर्देशक सिद्धान्तहरू पनि समाजवादी कार्यदिशाका छन्। आर्थिक पक्षको मात्र कुरा गर्ने हो भने पनि मुलुकलाई समाजवादउन्मुख गराउन निर्देशन गरेको छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भनी स्पष्ट उल्लेख छ। राज्यको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति पनि यो विषयमा सुस्पष्ट छ।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने, आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने, उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने, तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने नीतिमा रुपष्ट छ।

राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने, क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले अघि बढ्ने नीति लिइएको छ।

संविधान लेख्नका लागि र देखाउनका लागि मात्र होइन, जीवनव्यवहारमा लागू गर्न निर्माण गरिएको सन्तुलनकारी दस्तावेज हो, यो मुलुकको मूल कानून हो। कुरा समाजवादको, तर पक्षधरता दलाल पुँजीवादको भएमा जीवन व्यवहारमा मानिस, पार्टी र मुलुकको जीवनमा विरोधाभाष हुन्छ, जुन यतिबेला देखिइरहेको छ। यस्तो नीतिले क्रान्तिकारी बनाउनेभन्दा सारसंग्रवादी बाटोतर्फ उन्मुख गराउँछ, अराजकता मौलाउँछ। लेनिनले स्थापना गरेको समाजवादी सत्तालाई सन् १९९१ डिसेम्बर २५ मा तत्कालीन रुसी राष्ट्रपति मिखाइल गोर्वाचोभले सोभियत संघ रूसमा संशोधनवादी दुई नीति ग्लास्नोस्त र पेरस्त्रोइका अपनाएपछि संकट आइपर्‍यो भने विश्वभरी समाजवादी व्यवस्था संकटमा पर्न गयो।

त्यसपछि पुँजीवाद सशक्तरूपमा विश्वमा फैलिएको छ। पुँजीवाद मौलाउँदा नेपाली समाजमा धनी र गरीबबीचको असमानताको दूरी अझ धेरै बढ्दै छ। विकृत पुँजीवादमा आफ्नो भविष्य खोज्नु व्यर्थ हो। यी विश्व परिवेशमा देखिएका तमाम विकृतिसँग लड्न र समाजवादी व्यवस्थालाई पुनःस्थापित र युग अनुरुप विकास गर्न आजका कम्युनिष्टहरूले पुँजीवादसँग संघर्ष गर्न सशक्त पार्टी बनाउन सक्नुपर्छ। त्यस्तो किसिमको कम्युनिष्ट पार्टीले मात्र विस्तारवाद र साम्राज्यवादलाई चुनौति दिन सक्छ। यसैकारण नेपाल लगायत विश्वभरिका कम्युनिष्टहरूले वैज्ञानिक समाजवादलाई केन्द्रमा राख्दै सशक्त पार्टी निर्माण कार्यलाई तीव्रगतिमा अगाडि बढाउनु अहिलेको आवश्यकता हो।

अहिलेकै संविधानको आधारमा अघि बढ्ने हो भने शान्तिपूर्ण ढंगबाट मुलुकलाई अघि बढाउन सकिने प्रशस्त ठाउँ छ। मात्र कुरा जनवादी र समाजवादी क्रान्तिका ठूला-ठूला कुरा गर्ने र दलाल पुँजीवादको पक्षधरता लिने हो कि जनपक्षीय कार्यक्रमसहित राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको आधारशीला निर्माणमा लाग्ने हो, स्पष्ट हुन जरुरी छ। यसका लागि रोजगारी सृजना, न्यूनतम् शिक्षा र स्वास्थ्य सेवा राज्यद्वारा प्रत्याभूति लगायतका क्षेत्रहरुमा समाजवादी कार्यदिशासहितका कार्यक्रम बनाउन जरुरी छ। यसरी नजाने हो भने नेकपा रहिरहन्छ, नेपाली कांग्रेस पनि रहिरहन्छ, अहिलेको व्यवस्था पनि रहला, तर नेपालको संविधानले परिकल्पना गरेको समाजवादउन्मुख राज्यव्यवस्था एउटा काल्पनिक उडान जस्तो मात्र हुन्छ।

tirthakharel2028@gmail.com

# जडीबुटीमा प्रचुर सम्भावना रहेको नेपाल



कृष्णप्रसाद ढकाल

आयुर्वेदका प्रवर्तक, ईश्वर 'धन्वन्तरी' बारेको अध्ययन आयुर्वेदीय जगतमा आइरहने र भइरहने आवश्यक र महत्वपूर्ण बिषय हो। समुन्द्रमन्थनमा अमृतको घडासँग प्रकट भएको मानिएका धन्वन्तरीलाई यदि समुन्द्र-मन्थनस्थल कोशीचतरा नै ठहरिएको हो भने, यिनी यसै हिमवतखण्डका उपज भन्न सकिने अवस्था छ। परमादरणीय नेपालका ऐतिहासिक प्रथम जगद्गुरु अनन्तश्री विभूषित वालसन्त मोहनशरण देवाचार्य महाराजश्रीको भनाई अनुसार समुन्द्रमन्थनमा प्रकट भएको अमृतको घडामा बाक्लो तर लागेपछि धरानस्थित डाँडामा डल्लो (पिण्ड) बनाएर स्थापना गरियो र 'पिण्डेश्वर महादेव'को नामबाट प्रख्यात भयो।

जहाँ श्रावणमा दर्शनार्थीहरुको ज्याँदै भीड लाग्ने गर्छ। त्यसरी नै सूर्यपुत्र वैद्य अश्विनीकुमारको प्रसङ्ग पनि आयुर्वेदको उत्थानसँग जोडिएर अघि बढेको छ। आयुर्वेद यहाँ बेला-बेला छेलिन्छ, ओझेलमा पर्छ, तापनि आयुर्वेद, योग, प्राकृतिक चिकित्सा लगायत सबै प्रक्रियाहरु अहिलेको परिप्रेक्षमा स्वस्थ जीवन जिउने कार्यका लागि बरदान हुन्। यसको द्रूत बिकास, बिस्तार तथा प्रचार-प्रसार जरुरी छ। यहाँको भूगोल, प्राकृतिक स्रोतसाधन, हावापानी, दर्शन, सस्ंकृति लगायतका सबै पक्षहरु सहयोगी भूमिकामा छन्। आयुर्वेदबाट सम्भव भएका तर प्रयोगमा नआएका उपचार विधिहरुलाई प्रयोगमा ल्याउन पनि आवश्यक छ।

आयुर्वेद क्षेत्रमा चीनले धेरै मेहनत गरेको छ, औलोज्वरोमा प्रयोग हुँदै आएको तितेपाती (छिङ्गहाओस)को अनुसन्धान गरी बनाएको इन्जेक्सनलाई 'विश्व स्वास्थ्य संगठन'ले मान्यता दिएकाले विश्वभर यसको माग बढ्यो। त्यसरी नै सयुक्त राज्य अमेरिका, युरोप लगायतका राष्ट्रहरुमा एक्युपञ्चर, एक्युप्रेसर, मोक्सिवेसिन, मसाज लगायतका विधिहरुले प्रभाव जमाउँदैछन्। आयुर्वेदिक, एक्युप्रेसरका स्वास्थ्योपचार विधिमा निकै अघि बढ्दै गएकाले चीन विश्वभर आयुर्वेदिक औषधि निर्यातमा पनि सफल छ। भारत, श्रीलङ्का, बङ्गलादेशका जनता पनि स्वदेशी मौलिक आयुर्वेदिक औषधि उत्पादन र प्रयोगमा रमाउने गरेका देखिन्छन्। हामीले पनि यस विधिलाई अपनाउन आवश्यक छ।

वनस्पति जगतको गुरुजी, समयान्तरमा अपभ्रंश हुँदै 'गुर्जो' भएको छ। यसको एउटा औंला जति मोटाइको एक इञ्चको टुक्रा पानीमा उमालेर नियमित खाएमा शरीरको रोगसँग प्रतिरोध गर्ने क्षमतामा बृद्धि हुन्छ भनिएको छ। अमला-बेसारलाई दूधमा मिलाएर पनि नियमित खान सकिन्छ। गुर्जो, मुलेठी, अमला, कागती, बेसार, घोरताप्रे, अश्वगन्धा, सतावरी, तुलसी, अदुवा लगायतका जडिबुटीलाई मसिनो टुक्रा बनाई पिसेर बिहान-बेलुका उमालेर चियाको रुपमा सेवन गरे पनि मानिसमा रोग प्रतिरोधात्मक क्षमता बृद्धि गराउँन सकिन्छ। अहिले विश्वमा अदृष्य र अपत्यरिलो रुपमा अघि बढिरहेको डरलाग्दो हैजा कोरोना (कोभिड-१९) लाई जडिबुटीले नमारे पनि यसबाट मानिसलाई मर्न नदिने कुरा डा. कामेश्वर ठाकुर प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरीका निमित्त चिकित्सकको भनाई छ।

निकै अगाडिको एक प्रसङ्गमा ३०/३२ जना कामदारले खाना बनाउने क्रममा दुई सय केजीको भाँडामा उम्लदै गरेको पानीलाई चुलाबाट निकाल्दा अकस्मात हात खुस्किनाले एकजनाको जिउमा सबै खनियो। घरेलु विधि अनुसार हतार-हतार सुताएर एक बोरा नुन ल्याई शरीरमा पोखियो दुई/तीन दिनमै बिरामी तन्दुरुस्त भयो। त्यसरी नै पोलेको ठाउँमा तत्कालै आलु घोटेर लगाउने वा घीऊकुमारी लगाउनु राम्रो मानिन्छ। काटेको ठाउँमा माकुराको जालो लगाउने तत्काल खुन रोकिन्छ, दाँतको किरामा आँपको सात वटा कलिलो पातको शनिबार



चिया पकाएर मुख कुल्ला गर्ने, सेतो बारमासे फूल वा कलिलो पात, पारीजातको मुन्टा, गुर्जो, घीऊकुमारी डाइभिटिजका बिमारीलाई रामवाण मानिन्छ। तातो तेलमा हात डुब्यो भने मुखमा लगाउने क्रिम वा फेयर एण्ड लब्ली मजाले दलेमा ठीक हुन्छ भनिन्छ। भिटामिन सी को लागि अमला, सिटामोलको स्थानमा असुरो, चिराइतो आदिको उपयोग गर्न सकिन्छ। चरिअमिलो, घोरताप्रे, भृङ्गिराज, पुनर्नवा, तुलसी लगायत कैयौं झारजङ्गलका रुपमा रहेका जडिबुटीहरुलाई सदियौंदेखि हाम्रो समाजमा विविध प्रयोगमा ल्याउने कार्य भइरहेको छ।

नेपालमा भएको एकमात्र सरकारी आयुर्वेद औषधि कम्पनी सिंहदरबार बैद्यखाना बिकास समिति सामान्य औषधि निर्माण गर्दै होला। स्वदेशमा आवश्यक पर्ने औषधि उत्पादनका लागि २०२९ सालमा बेलायत सरकारको प्राविधिक सहयोगबाट स्थापना गरिएको नेपाल औषधि लिमिटेडले एक सय २० प्रकारका औषधि उत्पादन गर्दागर्दै २०६६ सालमा अचानक बन्द भयो। पुनः २०७४ फाल्गुणबाट सिटामोल, २०७४ बैसाख २४ गतेबाट जीवनजल उत्पादन गर्दै क्रमशः हैण्डसेनिटाइजर, ग्लिसिरीन, अल्वेण्डाजोल, आइरन चक्की लगायत उत्पादन थालेको यहाँ रहेका विशेषज्ञहरुलाई अनुसन्धानमा लगाएर माथि उल्लेख भए अनुसारका पुस्ता-पुस्ताबाट खार्रिदै आएका पुरातन उपचार विधिहरुको बारेमा अध्ययन गरी आफ्नो निष्कर्ष र निर्णय निकाल्नुपर्ने बेला भएको छ। यो पुरानो नेपाल औषधि लिमिटेडलाई अझै म्युजियममा झैं थन्क्याएर राखिनुभन्दा शाखाहरु बिस्तार गरी जडिबुटी उत्पादन थलोमा पुर्‍याएर 'जडिबुटी उत्पादक कृषक समूह' गठन गरी 'प्राविधिक प्रशोधन तालिम' दिएर त्यसैबाट त्यहीं प्रशोधन गराउनुपर्छ र प्रशोधित सामग्री केन्द्रमा ल्याई औषधि उत्पादन थाल्नुपर्छ। नेपाल औषधि लिमिटेडको 'ब्राण्ड' तयार गरी बिदेश निर्यात गर्नुपर्छ।

'हाम्रो भविष्य हाम्रो जडीबुटी', 'जडिबुटी नै हाम्रो स्वास्थ्य, सम्पत्ति र जीवन' लगायतका नाराहरु तयार गरी, निर्णय गरी सर्वप्रथम खेर गइरहेका जडीबुटीको प्रयोगबाट हुने लाभको बारेमा जडिबुटी उत्पादक कृषकहरुलाई प्रशिक्षण शिविर मार्फत सु-सूचित गराउनुपर्छ। यसका लागि सर्वप्रथम मुलुकका घोषणा गरिएका विशेष 'जडिबुटी पोकेट क्षेत्र'मा माफियाहरुलाई छिर्न प्रतिबन्ध लगाउनुपर्छ। अनुमति बेगर कतै पुगेको जानकारी पाउना साथ कडाईका साथ दण्ड जरिवाना गर्नुपर्छ।

विश्वमा पाइने एक हजार चार सय जडीबुटीमध्ये सानो मुलुक नेपालमा सात सय ५० भन्दा बढी जडीबुटी पाइन्छन् भनिएको छ। त्यसमा पनि हिमाली भेगमा मात्र पाइने विश्वमै दुर्लभ मानिएका पाँचऔंले, निरमसी, जटामासी र यार्सागुम्बा जस्ता १३ प्रकारका जडीबुटीहरुको पहिचान संकलन, संरक्षण, सम्वर्द्धन, अनुसन्धान र उत्पादनमा अब जुट्नुपर्छ। जडिबुटी बिषयमा रुची रहेका स्वच्छ व्यक्तित्वहरु र प्राविधिकहरुको एउटा मिश्रित टीम बनाएर महत्वपूर्ण जडीबुटीहरुको प्रशोधन, प्याकेजिङ्ग र बिक्रीवितरणको थालनी अब आफैं गर्नुपर्छ। यस कार्यले आयुर्वेद र जडिबुटीबारे केही सिक्ने र बुझ्ने विश्वको मुख्य गन्तब्यको रुपमा नेपाललाई स्थापित गर्न सकिन्छ। नेपालको प्रशोधित जडिबुटीबाट उत्पादित औषधिले विश्वमा अलग र महत्वपूर्ण स्थान ओगट्न सक्छ, यसो हुनसकेमा मुलुकको प्रसिद्धी र प्रगति बढ्ने कुरामा दुईमत छैन।

# बिर्तामोडको सिम्रिक र दानाबारीको अमृत सहकारीबीच एकीकरण

**बिर्तामोड, साउन ३२।** झापाको बिर्तामोड नपा-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्था र इलामको माई नपा- २ दानावारीमा कार्यालय रहेको अमृत बचत तथा ऋण सहकारी संस्थाबीच एकीकरण भएको छ ।

सरकारले ल्याएको सहकारी एकीकरणको नीति अनुसार दुईवटै सहकारीको उद्देश्य एउटै भएका कारण दुई सहकारीबीच एकीकरण गरिएको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले बताए ।

सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतको अध्यक्षतामा भएको दुबै सहकारीको संयुक्त बैठकले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय इटहरीमा दुबै सहकारी संस्थाबीच एकीकरणको अन्तिम स्वीकृतिका लागि बैठकले गरेको सर्वसम्मत निर्णयको प्रतिलिपी पठाएको थियो ।

जस अन्तर्गत प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय इटहरीले गत असार २८ गते दुवै सहकारी संस्थाबीच एकीकरणको अन्तिम स्वीकृति प्रदान गरे बमोजिम दुवै सहकारी संस्थाबीच एकीकरण गरिएको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बस्नेतले बताए । एकीकरणको आधिकारिक घोषणा दुबै सहकारीको एकीकृत साधारण सभाले गर्ने उनले बताए ।

यसअघि बिर्तामोड नपा-४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्था र दमक नपा-६ मा रहेको चेतनशील बचत तथा ऋण सहकारी संस्थाबीच पनि एकीकरण भएको र दुबै सहकारी संस्थाबीच एकीकरणको अन्तिम स्वीकृति प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय इटहरीले प्रदान गरेको थियो ।



प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय इटहरीका प्रमुख रामप्रसाद चापागाईंले सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कमलबहादुर बस्नेत, जनशक्ति व्यवस्थापन विभाग प्रमुख मिनबहादुर अधिकारी, चेतनशील बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष नवीन योगीलाई अन्तिम स्वीकृतिको प्रमाणपत्र प्रदान गरेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका तालिम विभाग प्रमुख प्रेम बस्नेत (विजय)ले जानकारी दिए ।

सरकारले ल्याएको सहकारी एकीकरणको नीति अनुसार सिम्रिक बचत तथा ऋण सहकारी संस्था र अमृत बचत तथा ऋण सहकारी संस्थाको उद्देश्य एउटै भएका कारण ती दुई सहकारीबीच एकीकरण गरिएको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बस्नेतले बताए । उनले दुई सहकारीबीच एकीकरण गरेसंगै अब उप्रान्त सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको नामबाट इलामको माई नपा-२ दानावारीमा कारोबार गरिने बताए ।

उनले अमृत बचत तथा ऋण सहकारी संस्थासंग एकीकरण भएसँगै सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले अब इलामको माई नपा-२ दानाबारीमा पनि सेवाकेन्द्र सञ्चालनमा ल्याएर आफ्ना सदस्यहरु माझ कारोबार गर्ने जानकारी दिए । उनले झापाका विभिन्न १८ वटा सदस्य सेवाकेन्द्रबाट शेयर सदस्यहरुलाई वित्तीय सेवा प्रवाह गरिरहेको बताउँदै अब इलामको माई नपा-२ दानाबारीबाट पनि शेयर सदस्यहरुलाई वित्तीय सेवा प्रवाह गरेर इलामका बासिन्दाको सुख-दुःखमा सिम्रिकको मल्हमपट्टि लगाइने बताए ।

उनले सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले २०७७ साल असार मसान्तसम्म शेयर सदस्य २५ हजार सात सय ९३ जना, शेयर पुँजी १५ करोड २५ लाख २३ हजार नौ सय रुपैयाँ, निक्षेप संकलन ५६ करोड ४५ लाख ६३ हजार आठ सय ४५ रुपैयाँ, ऋण लगानी ९२ करोड ७९ लाख ९३ हजार छ सय ६३ रुपैयाँ रहेको जानकारी दिए ।

त्यस्तै संस्थाको आम्दानी १९ करोड ७१ लाख ९३ हजार आठ सय रुपैयाँ, खर्च १७ करोड १६ लाख ९० हजार सात सय ३७ रुपैयाँ गरी दुई करोड ५४ लाख ८२ हजार नौ सय ३४ रुपैयाँ नाफा गरेको उनले बताए ।

त्यस्तै संस्थाले स्वास्थ्य उपचार, मृत्यु राहत, ऋणी सदस्यको मृत्युमा कर्जा मिनाहा लगायतको सेवा सुविधावापत ४१ लाख २९ हजार सात सय ५३ रुपैयाँ शेयर सदस्यहरुलाई प्रदान गरेको उनले बताए । त्यसैगरी संस्थाले आर्थिक वर्ष २०७७/२०७८ का लागि तीन अर्ब ८१ करोड ९७ लाख तीन हजार छ सय २३ रुपैयाँको बजेट विनियोजन गरेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका सचिव सुवास भट्टराईले जानकारी दिए ।

त्यस्तै अमृत बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष खेमप्रसाद ढकालले आफ्नो संस्था २०६७ सालमा स्थापना भई सञ्चालनमा रहेको बताउँदै सिम्रिक बचत तथा ऋण सहकारी संस्थासंग एकीकरण गर्न पाउँदा आफूहरु गौरवान्दित भएको बताए । उनले दुबै सहकारीबीच एकीकरण हुनु झापा र इलामका बासिन्दाबीच भावनात्मक सम्बन्ध गाँसिएको बताउँदै अझ मजबुत बनेर शेयर सदस्यलाई वित्तीय सेवा प्रवाह गरिने जानकारी दिए ।

# कालिका नेपालको प्रकोप व्यवस्थापन कोषमा सहयोग



**बिर्तामोड, साउन ३२।** बिर्तामोड-१ मा रहेको कालिका नेपाल संस्थाले झापा गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा आर्थिक सहयोग गरेको छ ।

कालिका नेपालले झापा गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा २१ हजार रुपैयाँ प्रदान गरेको हो । कालिका नेपालका अध्यक्ष तुलसीराम खरेलले झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहलाई उक्त रकमको चेक हस्तान्तरण गरेका थिए ।

कालिका नेपालका अध्यक्ष तुलसीराम खरेलको अध्यक्षतामा भएको कार्यक्रममा चेक ग्रहण गर्दै झापा गाउँपालिकाका अध्यक्ष जयनारायण साहले कालिका नेपालले गरेको कार्यको प्रशंसा गर्दै झापा गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा आर्थिक सहयोग गरेकोमा धन्यवाद दिएका थिए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश सदस्य बलराम कार्कीले विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणको यो समयमा कालिका नेपालले झापा गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा आर्थिक सहयोग गरेकोमा संस्थाको प्रशंसा गरेका थिए ।

कार्यक्रममा कालिका नेपालका उपाध्यक्ष भक्त कार्की, सदस्यहरु सुमन पोद्दार, दिपक अर्याल, कृष्णप्रसाद ढकाल, कृष्णप्रसाद अधिकारी लगायतको सहभागिता रहेको थियो ।

२०७३ सालमा स्थापना भएको कालिका नेपालले स्थापना कालदेखि नै रक्तदान, सरसफाई, ज्येष्ठ नागरिक सम्मान, धर्म, संस्कार संस्कृति जगेर्ना सम्बन्धी कार्यक्रम, महिला सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्दै आएको कालिका नेपाल महिला बिभागकी अध्यक्ष जया अधिकारी खनालले बताइन् ।

कार्यक्रमको सञ्चालन कालिका नेपालका सचिव मनोज घिमिरेले गरेका थिए ।

# पोखरीमा डुबेर किशोरको मृत्यु

**मोरङ, साउन ३२।** मोरङको बिराटनगर महानगरपालिका-१४ मा रहेको पोखरीमा डुबेर १६ बर्षीय किशोरको मृत्यु भएको छ ।

उक्त स्थानमा रहेको माई पोखरीमा पौडी खेल्ने क्रममा अचानक डुबेर बेपत्ता भएका बिराटनगर महानगरपालिका-१५ का १६ बर्षीय बिशाल चौधरीको खोजतलास गर्ने क्रममा मोरङको बिराटनगर महानगरपालिका-१४ मा रहेको पोखरीमा मृत अवस्थामा फेला पारेको इलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

# नेपाल ९९औं स्थानमा

**झापा, साउन ३२।** विश्व फुटबल महासंघ (फिफा)ले सार्वजनिक गरेको महिलातर्फको वरियतामा नेपाल ९९औं स्थानमा यथावत रहेको छ । पछिल्लोपटक कोरोना भाइरसका कारण कुनै पनि अन्तर्राष्ट्रिय खेल नहुँदा त्यसको प्रभाव फिफा वरियतामा पनि परेको हो ।

यही कारण वरियतामा कुनै फेरबदल नभएको हो । पछिल्लो पाँच महिनादेखि फिफाको वरियता एकनास रहेको पाइएको छ । एशियाली देशतर्फ नेपाल २१औं स्थानमा छ । दक्षिण एशियाली देशको वरियतामा नेपालको स्थान दोस्रो छ ।

यस्तै फिफा वरियतामा दक्षिण एशियाली देश भारत ५५औं, बङ्गलादेश १३४औं, श्रीलङ्का १४०औं, माल्दिभ्स १४२औं तथा भुटान १५४औं स्थानमा रहेका छन् । विश्व वरियतामा अमेरिका पहिलो, जर्मनी दोस्रो, फ्रान्स तेस्रो, नेदरल्यान्ड्स चौथो, स्विडेन पाँचौं, इङ्गल्याण्ड छैटौं, अष्ट्रेलिया सातौं, ब्राजिल आठौं, क्यानडा नवौं र उत्तर कोरिया १०औं स्थानमा रहेका छन् ।

# सवारी ज्यान मुद्दाका फरार मगर पक्राउ

**इलाम, साउन ३२।** जिल्ला अदालत इलामबाट दोषी ठहर भई कैद सजाय तोकिएका एक व्यक्तिलाई झापाबाट पक्राउ गरिएको छ । जिल्ला प्रहरी कार्यालय इलामले मेची नगरपालिका झापाका ५४ वर्षीय कृष्णबहादुर मगरलाई पक्राउ गरेको हो ।

फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट दोषी प्रमाणित भई सवारी ज्यान मुद्दाका फरार प्रतिवादी मगरलाई खोजतलासका क्रममा पक्राउ गरिएको प्रहरी नायब निरीक्षक तथा जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी लालध्वज सुवेदीले जानकारी दिए । उनका अनुसार जिल्ला अदालत इलामबाट वि.सं. २०७० फागुन ८ गते एक वर्ष एक महिना १५ दिन कैद तोकिएको थियो । पक्राउ परेका मगरलाई जिल्ला अदालत मार्फत कारागार पठाइने बताइएको छ ।

पछिल्लो समय जिल्ला प्रहरी कार्यालय इलामले अदालतबाट कैद भुक्तानी तोकिए पनि फरार रहेकाहरुलाई नियन्त्रणमा लिइरहेको छ । यसअघि २१ वर्षदेखि फरार रहेका एक व्यक्तिलाई समेत प्रहरीले नियन्त्रणमा लिएको थियो ।

# सेनाद्वारा कोरोना संक्रमितको उद्धार अभ्यास

**ताप्लेजुङ, साउन ३२।** कोरोना भाइरसको संक्रमण बढिरहेको अवस्थामा ताप्लेजुङस्थित भीमकाली गुल्मको सेनाले कोरोना संक्रमितको उद्धारदेखि दाह संस्कारसम्मको अभ्यास गरेका छन् ।

कोरोना संक्रमणबाट बच्न लकडाउन भइरहेको समयमा यसका लागि जरुरी विधि प्रस्तुत गरिएको नेपाली सेनाले जनाएको छ । हात धुने विधि, पञ्जा, मास्क, पीपीइ लगाउने तरिका र यसका लागि अपनाउनुपर्ने सावधानीका विषयमा प्रदर्शन गरिएको थियो ।

प्रदर्शन स्थलमा संक्रमितलाई घरसम्म लिन जाने, ल्याएर क्वारेन्टिनमा राख्ने आइसोलेसनमा उपचार गर्ने विधिबारे प्रस्ट्याइएको थियो । ताप्लेजुङ जिल्ला अस्पतालका चिकित्सक, जनप्रतिनिधि लगायतले सेनाले गरेको कार्यको अवलोकन गरेका थिए ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**घर बिक्रीमा**

अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ ।

सम्पर्क: ९८१००९१६८०, ९८१६९५३९११

**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो.९८१५९५२४९९
९८४१३२१४६४

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**

**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरु :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**बिमालेख हरायो**

इलामको कोल्बुङ्गबाट झापाको बुधबारे जाने क्रममा यही मिति २०७७/०३/२७ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- सुजता गुरुङ्ग
ठेगाना:- कोल्बुङ्ग-२, इलाम
हाल : रोङ्ग-३, कोल्बुङ्ग, इलाम
बिमालेख नं.:- २०२४५३२७
कम्पनी नाम: नेपाल लाइफ इन्स्योरेन्स

**छापाखाना**

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड
लेमिनेशन | डिजिटल प्रिन्ट

घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९,

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*
- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुर्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मिहिनेतले फाइदा दिलाउनेछ । बुद्धिको उपयोगले जटिल ठानिएको काम सम्पादन होला । आजको कामबाट दिगो फाइदा हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनको डर उत्साहमा रूपान्तरित हुनेछ । परिवारमा आमाको सहयोग लिँदा काम सम्पादन हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ काममा हात हाल्ने समय छ । केही संघर्ष गर्नुपरे पनि बिस्तारै फाइदा उठाउन सकिनेछ । व्यावसायिक काममा मनग्गे लाभ हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** उद्योग र व्यापारमा विशेष फाइदाको योग छ । सहयोगीहरूले हात झिक्नाले केही समस्या भने बढ्न सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रतिस्पर्धीहरूले अलि दुस्ख देलान् । काममा सहयोगको आशा देखाउनेहरूबाट धोका पाइने सम्भावना देखिन्छ

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मौका पर्खंदा स्थितिमा सुधार आउनेछ । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला। धर्यधारण आवश्यक छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले समस्या निम्त्याउन सक्छ। महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पहिलेको सफलताले थप हौसला जगाउनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो आनन्द प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विगतका कमजोरी सच्याउन जुट्नुपर्ला। आगन्तुकले अलमल्याउने हुदा काम रोकिन सक्छ । जमघटका बीच स्वादिष्ट भोजन मिल्ला ।